

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस ! चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ १४ गते शनिबार ❑ 28 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पुतलीबजारद्धारा पाँच दर्जन बढि योजना माग

**प्रकाश डोटेल**
**स्याङ्जा, १३ जेठ**

स्याङ्जा सदरमुकामको पुतलीबजार नगरपालिकाले प्राथमिकताका आधारमा गण्डकी प्रदेश सरकारसँग ५ दर्जन बढि योजनाहरु माग गरेको छ । नगरपालिकाको श्रोतले थेग्न नसक्ने र अत्यावश्यक भएका योजनाहरु प्रदेश सरकारसँग माग गरिएको हो ।



गण्डकी प्रदेशका मुख्यमन्त्री मार्फत विषयगत मन्त्रालयसँग झण्डै ५ दर्जन योजनाहरु माग गरिएको छ । आर्थिक वर्ष २०७९/०८० को बजेट तयारीमा रहेको प्रदेश सरकारसँग काँग्रेस स्याङ्जाका सभापति तथा संविधानसभा सदस्य राजु थापा, नगर प्रमुख तुलसीराम रेग्मी र उपप्रमुख देबी अर्यालको नेतृत्वमा गएको टोलीले योजनाहरु माग गरेको छ । "भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयसँग सबै भन्दा बढि योजना माग गरिएको छ ।" नगरप्रमुख रेग्मीले भने, "उर्जा जलश्रोत तथा खानेपानी, शिक्षा तथा सामाजिक विकास र युवा खेलकुद मन्त्रालयसँग उत्तिकै संख्यामा योजनाहरु माग गरिएको छ ।" नगर प्रमुख रेग्मीका अनुसार नगरपालिकाले माग गरेका योजनाहरु तत्काल सम्बोधन गर्ने प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले प्रतिबद्धता जनाएका छन् । श्रोतका आधारमा नगरबाटै संचालन हुने योजनाहरु निर्माण गर्न पुतलीबजार नगरपालिकाले प्रक्रिया अगाडी बढाएको छ ।

आर्थिक वर्ष २०७९/८० को बजेट तयारीमा रहेको नगरपालिकाले लागतका आधारमा ठूला योजनाहरु संघीय र प्रदेश सरकारसँग माग गरेको छ । भौतिक पूर्वाधार मन्त्रालयसँग ग्रामीण सडकको स्तरउन्नतीदेखि स्वास्थ्य केन्द्र भवन निर्माणको योजनाहरु समाबेश गरी माग गरिएको छ । उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालयसँग स्याङ्जा बजारको खानेपानी व्यवस्थित गर्नेदेखि बडहरे, बहाकोट, पातलेखर्क, मायाटारी, छोरेखोला, गौडेबजार, धोबादी खानेपानी र आँधीखोला, बाडखोला तथा अरौदीखोलातटबन्धनगर्नेयोजनाहरु माग गरिएको टोलीमा सहभागि काँग्रेस स्याङ्जाका युवा नेता मनोज मल्लले जानकारी दिए ।

युवा तथा खेलकुद मन्त्रालयसँग रजस्थल, खल्लुबोट, बेलबास, पेल्काचौर, तारेभित्ता र गैयामा खेलकुद मैदान निर्माण तथा स्तरउन्नती गर्न माग गरिएको छ । शिक्षा तथा सामाजिक विकास मन्त्रालयसँग बडहरे बतासे, रोकाहा कुलमन्दिर, मनकामना, कुनाखेत, सेनबंशको मन्दिर निर्माण गर्न मागरिएको छ भने नेवारखोला, मदर्शा, भुजेल, तारेभित्ता, खसआर्य संग्राहलय र सामुदायिक भवन निर्माण गर्न बजेट माग गरिएको छ ।

नगरमा समाबेशि तथा समानुपातिक आधारमा तथा जनसहभागितामा विकासलाई अगाडी बढाउन लागेको नगर उपप्रमुख देबी अर्यालले बताईन् । उनका अनुसार नगरका सबै क्षेत्र, वर्ग र समुदायको समुचित विकास गर्नु नगरपालिकाको पहिलो प्राथकितामा रहेको छ । शहर केन्द्रित विकासलाई ग्रामीण भेगमा पुऱ्याउन आवश्यक रहेको समेत उपप्रमुख अर्यालले बताईन् ।

स्थानीय तह निर्वाचनपछि निर्वाचित नगर प्रमुख र उपप्रमुखले नगरको विकासमा देखाएको सक्रियताले स्थानीयहरु हर्षित भएका छन् । नेपाली काँग्रेसको नेतृत्वमा नगरपालिकामा नयाँ नेतृत्व आएसँगै मृगौला विरामीको डाइलाईसिस सेवा विस्तार, ब्लड बैंक स्थापना गर्ने र बृद्ध भत्ता घरघरमा पुऱ्याउने निर्णयले उनीहरु हर्षित भएका हुन् ।

## मूल्यवृद्धि फिर्ता र पाठ्यपुस्तक अभाव समाधान गर्न माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ जेठ**

नेकपा एमाले निकट विद्यार्थी संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) कास्कीले मूल्यवृद्धि र पाठ्यपुस्तक अभावको समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।



प्रमुख जिल्ला अधिकारीमार्फत शुक्रबार प्रधानमन्त्रीलाई पत्र पठाएर संगठनले पेट्रोलियम पदार्थ, खाद्यान्नको मूल्यवृद्धि र पाठ्यपुस्तक अभावबारे सरकारको ध्यानाकर्षण गराएको हो । अनेरास्ववियु कास्की जिल्ला अध्यक्ष विजय पौडेलले प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यलाई ध्यानाकर्षण पत्र बुझाएका हुन् । मूल्यवृद्धि फिर्ता लिइ त्यसको दीर्घकालीन समाधान खोज्न संगठनले माग गरेको छ । 'पेट्रोलियम पदार्थको मूल्यवृद्धि देखाएर दैनिक उपभोग्य सामग्रीमा कालोबजारी भइरहेको तथा सार्वजनिक यातायातको भाडा अनियमित भइरहेको छ । तसर्थ खाद्यान्नलगायत दैनिक उपभोग्य सामग्रीहरुको मूल्य नियन्त्रण गरी भएको कालोबजारी अन्त्य गर्न र पटकपटक गरिएको मूल्यवृद्धि फिर्ता लिइ दीर्घकालीन समाधान खोज्न जोडदार माग गर्दछौ,' ध्यानाकर्षण पत्रमा भनिएको छ । विद्यालय खुले पनि पाठ्यपुस्तक अभावले विद्यार्थीको अध्ययनमा असहज अवस्था सिर्जना भएकाले गम्भीर हुन अनेरास्ववियु कास्कीले सरकारसँग माग गरेको छ । ध्यानाकर्षण पत्र बुझाउन केन्द्रीय सदस्य महेन्द्र उपाध्याय र अनुप लामिछाने, जिल्ला उपाध्यक्ष सन्तोष पोखरेल, सचिव विनय पराजुलीलगायत विद्यार्थी नेता शुक्रबार प्रमुख जिल्ला अधिकारीकहाँ पुगेका थिए । आफूहरुले राखेका माग पुरा नभए संगठन कडा प्रतिवादमा उत्रने चेतावनी पत्रमार्फत सरकारलाई दिइएको छ। मूल्यवृद्धिपछि चरणबद्ध आन्दोलन सुरु गरेको र माग सुनुवाइ नभए विरोधलाई निरन्तरता दिने जिल्ला सचिव पराजुलीले बताए । पृथ्वीनारायण क्याम्पसअघि प्रदर्शन गरेर अनेरास्ववियु कास्कीले मूल्यवृद्धिको विरोध सुरु गरेको थियो । संगठनले जिल्लाभरका क्याम्पस गेटमा मूल्यवृद्धिको विरोधमा कालो ब्यानर टाँसेर र सरकारी गाडी चलाउन रोक लगाएर अनेरास्ववियुले मूल्यवृद्धिको विरोध गरेको छ ।

## पूर्वपदाधिकारीको सुविधा र सुरक्षासम्बन्धी कानूनको मस्यौदाका लागि कार्यदल

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ जेठ**

गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेशका पूर्वपदाधिकारीलाई सुविधा तथा सुरक्षा उपलब्ध गराउनेसम्बन्धी कानून मस्यौदाका लागि कार्यदल गठन गर्ने निर्णय गरेको छ ।

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद् बैठकका निर्णयबारे जानकारी दिन आज आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार तथा विकासमन्त्री कुमार खड्काले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयका बैठक तथा प्रशासन महाशाखाका सचिव संयोजक रहेको तीन सदस्यीय कार्यदल गठन गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार कार्यदलको सदस्यद्वयमा अर्थ मन्त्रालयका सचिव र कानून, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्रालयका सचिव रहनुभएको छ । कार्यदललाई गण्डकी प्रदेशका पूर्वपदाधिकारीलाई के कस्तो सुविधा उपलब्ध गराउन उपयुक्त हुन्छ सो विषय यकिन गर्ने, नेपाल सरकार तथा अन्य प्रदेश सरकारले पूर्वपदाधिकारीको सुविधा सम्बन्धमा व्यवस्था गरेका कानूनी प्रावधानलाई आधार बनाई कानून मस्यौदा गर्ने जिम्मेवारी दिइएको छ ।

यस्तो सुविधा प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्रीले मात्रै नभई प्रदेशसभाका पदाधिकारीले पनि पाउने बताउँदै मन्त्री खड्काले ककसलाई के-के सुविधा दिने भन्ने यकिनपछि कानूनमा उल्लेख गरिने जानकारी दिनुभयो ।

आफूहरूले सुविधाभन्दा पनि सुरक्षालाई जोड दिएको उल्लेख गर्दै प्रवक्ता खड्काले भन्नुभयो, 'सुविधाभन्दा पनि सुरक्षासम्बन्धी कुरा हो ।

पूर्वमुख्यमन्त्री, पूर्वप्रदेश प्रमुख, पूर्वसभामुख भइसकेपछि उहाँहरूलाई राज्यले दिनुपर्ने हो-होइन भनेर आउँछ । दिनुपर्ने हो भने के-के दिनुपर्ने हो त्यसमा चर्चा हुन्छ । सरकार बजेट निर्माणको तयारीमा जुटिरहेको र गत वर्षको भन्दा बजेट आकारमा बढ्ने उहाँले जानकारी दिनुभयो ।

## 'इच्छुक' को योगदानको स्मरण

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ जेठ**

प्रेस सेन्टर नेपाल जिल्ला समन्वय समिति कास्कीद्वारा कृष्ण सेन 'इच्छुक'को २०औं स्मृति दिवसका अवसरमा पोखरामा आयोजित कार्यक्रममा उहाँको योगदानको स्मरण गरिएको छ ।

कार्यक्रममा वक्ताले लेखनका माध्यमबाट शोषण र उत्पीडनमा परेका वर्ग तथा समुदायका आवाजलाई 'इच्छुक'ले आम जनमानसमा ल्याउनुभएकामा जोड दिए । नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य एवं जिल्ला अध्यक्ष राजकाजी गुरुङले निर्भिकताका साथ लेखनका माध्यमबाट सामाजिक चेतनाको अभिवृद्धिमा इच्छुकले गर्नुभएको योगदान सधैं स्मरणीय हुने बताउनुभयो । प्रेस सेन्टर नेपालका सल्लाहकार एवं राष्ट्रिय समाचार समिति (रासस) का पूर्वअध्यक्ष कोमलनाथ बरालले समाजको रुपान्तरणमा कलमका माध्यमबाट योगदान गर्न सकिन्छ भन्ने ज्वलन्त उदाहरण इच्छुक रहेको धारणा राख्नुभयो । पेसागत हितलाई पत्रकारले सधैं आत्मसात् गर्नुपर्नेमा जोड दिँदै उहाँले पत्रकारितामा दलीय नभई जनताको पक्षधरता हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । पत्रकार एवं साहित्यकार सुरेश रानाभाटले निर्भिकताका साथ जनताको पक्षमा कलम चलाउने इच्छुकको लेखन वैचारिक स्पष्टतासँगै मिठासपूर्ण रहेको चर्चा गर्नुभयो। कार्यक्रममा नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदी, महासङ्घ कास्कीका अध्यक्ष विमला भण्डारी, प्रेस सेन्टर कास्की जिल्ला समन्वय समितिका अध्यक्ष कृष्ण दवाडी, सचिव पुष्प दाहाल, प्रेस सेन्टर नेपाल गण्डकी प्रदेशका अध्यक्ष अर्जुन काफ्लेलगायतले निर्भिक लेखनका माध्यमबाट 'इच्छुक'ले पुऱ्याउनुभएको योगदान सधैं स्मरणीय रहने बताउनुभयो ।

## बालबालिकालाई निशुल्क भर्ना अभियान-वडाध्यक्ष गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ जेठ**

पोखरा महानगरका नवनिर्वाचित वडाध्यक्षहरुले पदभार ग्रहण गरिसकेका छन् । केहीले पदभारसँगै निर्णय गरेका छन् । पोखरा-१० का वडाध्यक्ष राजेश गुरुङ(राजु सर)ले पहिलो निर्णय गर्दै वडामा स्कुल जान नसक्ने बालबालिकालाई सामुदायिक विद्यालयमा भर्ना अभियान शुरु गरिने बताए ।



वडामा दुईवटा सामुदायिक विद्यालय रहेको उल्लेख गर्दै दुई सामुदायिक विद्यालयमा स्कुल जानबाट बञ्चित भएका बालबालिकालाई भर्नाको व्यवस्थापन वडा कार्यालयले गर्ने उनको भनाई थियो । 'स्कुल जानबाट बञ्चित भएका बालबालिकालाई सामुदायिक विद्यालयमा भर्ना वडा कार्यालयले गर्ने छ ।' उनले आफनो पहिलो निर्णय सुनाउँदै भने । निर्णयमा-'वडा नं १० भित्र रहेका सामुदाकिय सरकारी विद्यालयहरुमा आर्थिक समस्याका कारण विद्यालयमा भर्ना भई अध्ययन गर्नबाट बञ्चित रहेका तथा भर्ना शुल्क तिरी भर्ना हुन नसकेका बालबालिकाहरुलाई लागि निशुल्क भर्ना गर्ने बातावरण वडा कार्यालयको अग्रसरता गर्ने निर्णय गरियो ।' उल्लेख छ । पोखरा-१० मा कालिका र कुडहँर प्रावि छन् । ती दुवै सामुदायिक विद्यालय हुन् । ती विद्यालयमा बालबालिका पढाउने जिम्मेवारी वडा कार्यालयले लिने छ । वडामा कतिजना बालबालिका स्कुल जानबाट बञ्चित छन् भन्ने यकिन तथ्यांक संकलन गरिने उनले बताए । आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिकालाई पढनबाट बञ्चित नहोस भन्ने ध्येय वडाध्यक्षले राखेका छन् । वडाध्यक्ष स्वयं लामो समय कालिका माविमा शिक्षण पेशामा आवद्ध थिए । शिक्षण पेशाबाट निवृत्त भएपछि उनी राजनीतिक क्षेत्रमा होमिएका हुन् ।

टोल विकास संस्थाले सिफारिसको आधारमा बालबालिकालाई भर्ना अभियान शुरु गरिने उनले बताए । संस्थाले पठाएको सिफारिसलाई वडा कार्यालयले अनुगमन गरेर मात्रै भर्ना अभियान शुरु गर्ने वडाध्यक्ष गुरुङले बताए । 'विद्यार्थी भर्नाको लागि यति नै कोटा भन्ने छैन् । विद्यार्थीले पढन पाउनुपर्यो । जति आउँछन् ।

सबैलाई भर्ना गर्छौ ।' उनको भनाई थियो । भर्नाको लागि विद्यालयसँग समन्वय गरेर अगाडि बढ्ने स्पष्ट पारे । पोखरा युनाईटेड क्लबले कालिका माविमा अक्षयकोष स्थापना गरेको छ । स्थापित अक्षयकोषबाट गरीब तथा जेहेनदार विद्यार्थीलाई वर्षेनी छात्रवृत्ति प्रदान गर्दै आएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# वडा १२ का अध्यक्ष बाँस्तोलाको पहिलो महिनाको तलव मन्दिरमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ जेठ**

पोखरा महानगरपालिका वडा नम्बर १२ का नव निर्वाचित वडा अध्यक्ष सन्तोष बाँस्तोलाले १२ वटा महत्वपुर्ण कामको तत्काल सुरुवात गर्ने गरी पदभार ग्रहण गरेका छन् ।

पदभार ग्रहण कार्यक्रममा बोल्दै नव निर्वाचित वडा अध्यक्ष सन्तोष बाँस्तोलाले वडाको मुख्य चोक चोकमा सिसी क्यामरा राख्ने, पहिलो महिनाको तलब त्रिशत्ती दुर्गा मन्दिरलाई दिने, वडामा देखीएका खाल्टाहरु सबै टाल्ने, बाटो छेउ वरिपरिका नाला सफ गर्न लगाउने र वडामा ब्यबस्थित पार्क भने । त्यसैगरी व्यवस्थित पार्किङ बनाउने, सितालदेवी मन्दिरलाइ अझै व्यस्थित गर्दै आरती सुरु गर्ने, सवैसँग सल्लाह गरी सार्वजनिक शौचालय निर्माण गर्ने, वडाका मुख्य बाटोमा रङरोगन गर्ने र विजुलीका पोलमा नयाँ बत्ती थप्ने तथा पुरानो बती मर्मत गर्न लगाउने, वडामा हरेक कार्यलाइ अनलाइन प्रक्रियामा लगेर वडाको एप बनाउने अध्यक्ष



बाँस्तोलाले जानकारी गराए । उच्चतम प्रविधिको माध्यमबाट वडाको सूचना तथा जानकारी वडाका सम्पूर्ण नागरिक समक्ष पुऱ्याउने संयन्त्र निर्माण गर्ने, नागरिकका गुनासो टिप्ने र सुनाउने, अशक्त, बृद्ध भत्ता घर घरमा लगेर दिने पनि सोही दिन जानकारी दिए । प्रकृति मही वातवरण सिर्जन गर्नको लागि एक घर एक बिरुवा रोप्न लगाउने र रोपेको पुरानो बिरुवामा गोड्ने मल हाल्ने काम गर्ने (बिरुवा वडाले दिने) र वडाबासीलाई निःशुल्क एम्वुलेन्स सुविधा दिने, बर्षमा ६ जना गरीब, पिछडिएकोर्गका बिद्यार्थीलाई वडाले पढाउने जिम्मा लिने र वडाको ३ वटा सरकारी स्कुलमा वडा कार्यालयले सेनेटरी प्याड निशुल्क दिने, बाटो निर्माणको सम्झौता (चापापनी मार्ग) र बाँकी कच्ची बाटो पहिचान गरी प्रकियागत रुपमा अघि बडाउने कामहरु आँफुलले तत्काल सुरु गर्ने अध्यक्ष बाँस्तोललो प्रतिबद्धता व्यक्त गरे ।

पदभार कार्यक्रममा नेकपा माओवादीका नेता मिन गुरूङ, नेकपा एमाले १२ का अध्यक्ष बलराम ढुङ्गाना, नेपाली कांग्रेस पोखरा १२ का कार्यवाहक सभापती राम्जी बास्तोला, नेकपा समाजवादी १२ का अध्यक्ष डिलाराम लामिछाने, निर्वतमान वडा सदस्य तथा नेकपा एमालेका वडा अध्यक्षका उम्मेदवार देशभक्त केसी, निर्वतमान वडा सदस्य विष्णु विक,समाजसेवी ऋिषवदेव बाँस्तोला लगाएतले नव निर्वाचित वडा अध्यक्ष लगायत सदस्यहरुको सफल कार्याकालको कमना गरेका थिए । नव निर्वाचित वडाअध्यक्ष सन्तोष बास्तोला सहित सदस्यहरु शान्ति कोइराला,गोमादेवी परियार,शान्त बहादुर थापा,गोविन्द प्रसाद सिग्देलले आजबाट पदभार ग्रहण गरेका छन् । पोखरा १२ मा नेपाली काग्रेसको प्यानल नै विजयी भएको थियो ।

वडा सचिव मन्जु ढुङ्गानाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य कार्यालय साहयक डम्वरजग गुरूङले गरेका थिए भने कार्यक्रम सञ्चालन सुचना अधिकारी शारदा बराल वाग्लेले गरेकी थिइन ।

# जेष्ठ नागरिकलाई खाजा र सुत्केरीलाई पोषण खर्च उपलब्ध गराउने

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ जेठ**

पोखरा महानगरपालिकाको वडा नं. २६ को नवनिर्वाचित जनप्रतिनिधिले वडाभित्र रहेका जेष्ठ नागरिकका लागि खाजा र विपन्न सुत्केरी महिलालाई पोषण खर्च उपलब्ध गराउने निर्णय गरेका छन् ।

वडाध्यक्ष नरेन्द्र थापाले शुक्रबार वडा कार्यालयमा पदभारग्रहण गर्दै, वडामा रहेका जेष्ठ नागरिक सेवा केन्द्रका जेष्ठ नागरिकलाई दिवा खाजा र विपन्न सुत्केरी महिलालाई पोषण खर्च वापत दुई हजार रुपैया उपलब्ध गराउने निर्णय गरेका हुन ।

पदस्थापन पछि आयोजित कार्यक्रममा बोल्दै वडाध्यक्ष नरेन्द्र थापाले वडाको विकासका लागि सवै राजनितिक पार्टीको सहयोग आवश्यक रहेको बताए । उनले चुनाव अघि आस्थाको आधारमा राजनितिक पार्टीले टिकट दिए पनि विजय पश्चात सवैको साझा जनप्रतिनिधिको रुपमा काम गर्ने प्रतिवद्धता व्यक्त गरे । अध्यक्ष थापाले दल विशेषका आधारमा कसैलाई विभेद नगरिने उल्लेख गर्दै, विगतमा भएका राम्रा कामहरुलाई निरन्तरता दिदै, महानगरको उत्कृष्ट वडा वनाउन सहयोगको खाँचो औल्याए ।



कार्यक्रममा निवर्तमान अध्यक्ष नारायण प्रसाद बरालले नवनिर्वाचित पदाधिकारीलाई बधाई दिदै, वडाको विकासमा पूर्व जनप्रतिनिधिको रुपमा सहयोग गर्ने प्रतिवद्धता जनाए । बरालले राजनितिक पार्टीहरुलाई जनताले गुण र दोषको आधारमा आवधिक निर्वाचन मार्फत अनुमोदन गर्ने उल्लेख गर्दै, युवाले नेतृत्व गरेको वडामा जनताले आशा र भरोसा गरेको बताए ।

नेकपा एमालेबाट चुनावी मैदानमा उत्रिएर पराजित भएका सुर्यनाथ भण्डारीले निर्वाचित जनप्रतिनिधिलाई राजनितिको घेरा भन्दा माथि उठेर समन्यायिक विकासमा जोडदिन आग्रह गरे ।

स्वतन्त्र उमेदवार नारायण लामिछानेले मुलुकमा युवा पुस्ताबाट जनताले आशा गरेको उल्लेख गर्दै, वडा नं. २६ मा परिवर्तन हुने आशा रहेको बताए ।

यसैगरी पदस्थापन पछि वडा कार्यालयका कर्मचारीसँग नवनिर्वाचित जनप्रतिनिधिले सेवा प्रवाह लगाएका बिषयमा छलफल गरेका थिए ।

वडा सदस्यहरु लक्ष्मी देबी भट्टराई, तिर्थवहादुर राजभाट, सुदिपराज ढुंगाना र सुजता बराल सुनारले जनताको काम छिटो छरितो गर्ने वातावरण मिलाउन कर्मचारीहरुलाई आग्रह गरेका थिए । वडा सचिव मीना भट्टराई भण्डारीले जनप्रतिनिधि र कर्मचारीको सहकार्यले वडाका विकास निर्माण र सेवा प्रवाहलाई सहज बनाउन सकिने बताईन ।

# मादी ६ का वडा अध्यक्ष डिलबहादुर जनताको सेवामा

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ जेठ**

विद्यार्थी जीवनदेखी सूर्यको फोटो देख्यो कि मुहारमा खुशी । सेतो कपडामा रातो रंगले पोतिएको सूर्य देख्नै नहुने छुन मन लाग्ने । चन्द्रमा आकारको रातो गोलाकार वरिपरि फिजिएका राता लाइनहरुलाइ देख्दा त च्याप्प समातौं जस्तो हुन्थ्यो । अझ सूर्य पोतिएको झण्डा देख्यो कि समातेर जिन्दावाद जिन्दावाद भन्दै वाटो वाटोमा हिंड्ने मन पलाउँथ्यो ।

सूर्यको तस्वीर अंकित पम्पलेट अरुले वाँड्दा हातैवाट खोसेर दौड्म जस्तो हुने । स्कुले जीवन सकिदै गर्दा सम्म रहरै रहरले सूर्यको मोहमा हिडेका डिलवहादुर क्षेत्री २०७९ सालको स्थानीय निर्वाचनमा मादी गाउँपालिका वडा न ६ मा सूर्य चिन्हवाटै एमालेवाट अध्यक्षमा निर्वाचित भएका छन् । वर्तमान समयमा पनि नेपालको राजनीतिक, सामाजिक, आर्थिक र समग्र विकासमा पनि युवाहरूको अवस्थाले नै भूमिका निर्धारण गरेको पाइन्छ । जुन ज्वलन्त उदाहरण हुन डिलवहादुर । कुनै पनि क्षेत्रमा उल्लेख्यीय योगदान



दिँदै आएका युवाप्रति समाजले आशा र भरोसा राख्नु स्वाभाविक र न्यायपूर्ण पनि हो । वर्तमान समयमा नेपाली राजनीतिमा युवाको प्रवेश, र सक्रिय भूमिकाको अपेक्षा समाजले गर्नु जायज हो । नेपालको वर्तमान राजनीतिक परिवेशलाई हेर्दा अहिले हरेक वडा वडा गाउँपालिकमा युवाहरूको संलग्नता रहेको पाइन्छ ।

यसरी युवाको सहभागिता धैरै हुनु समाजकै लागि सुखद हो । अव समाजले राजनीतिक दलमा आबद्ध भएका युवाले आफ्नो नेतृत्वले गरेका कमी कमजोरी औँल्याई नेतृत्वलाई सही बाटोमा ल्याओस् भन्ने सोचे पलाएको देखिन्छ । राम्रो वाटो अवलम्बन गर्ने उद्देश्यले ओतप्रोत अध्यक्ष क्षेत्रीको साथमा क्रमश महिला सदस्यमा शान्ति क्षेत्री, खुल्ला सदस्य द्धयमा दिपक क्षेत्री, भुमि प्रकाश गुरुङ र दलित महिला सदस्यमा टिकामाया परियार पनि निर्वाचित भएका छन् । निर्वाचित अध्यक्ष क्षेत्री प्रजातान्त्रिक राष्ट्रिय युवा संघबाट राजनीति छिरेको वर्ष २०६४ साल स्वर्णीम समय बन्यो । स्वर्णीम समय पछि २०६७ सालमा तत्कालिन सिल्दुजुरे गाविसमा प्रजातान्त्रिक राष्ट्रिय युवा संघ तथा युथ फोर्सको अध्यक्ष बने क्षेत्री । पार्टी एकिकरण पछि २०७४मा मादी गाउँपालिकामा युवासंघको सह संयोजक सँगै २०७६ मा सचिवालय सदस्य भए । समग्र मादी ६ निवासी जनसमुदायको जनादेशलाई सिरोधार्य गर्दै मादीगाउँ पालिकामा विहीवार वडाको अध्यक्षको पदभार गरे । मादीकै आँगनमा जन्मिएर थाङ् नामा हुर्किदै बर्गिय मान्छेको आड र भरोसामा अडिदै गाउँ बस्तिको छाहारिमा हुर्किएको भुईमान्छे हुनुको नाताले बिबेक न्याय र नैतिकताको मुल्य बुझेको छन् क्षेत्रीले । पद र ओहदाले मात्र ब्यक्तित्व बन्छ भन्ने कदापि ठान्दिन, त्यसैले सरलता, समानता, समभाब र सौहार्दतामा बिश्वास राख्दै जति सक्छु सहमति सहकार्य र एकतालाई अबलम्बन गर्दै ईमान्दारी र पारदर्शिता साथ कार्य गर्ने अध्यक्ष क्षेत्रीले वताए ।

परिश्रम बिनाको धन मेरालागि बिषसमान हुने भएकोले सधैं निर्धाको आधार र असाहयको सहारा बन्ने निस्वार्थ प्रयासमा पाँच वर्ष कार्यकाल विताउने अध्यक्ष क्षेत्रीले भने । आफ्ना वडामा रहेका विद्यालय, वाटा र जनताको विकासमा आइपर्ने हरेक विषयलाइ समाधान तर्फ ध्यान दिने अध्यक्ष क्षेत्रीले जानकारी गराए ।

# स्याङ्जामा प्याराग्लाईडिङ दुर्घटना हुँदा एक घाइते

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १३ जेठ**

स्याङ्जाको भीरकोट नगरपालिकामा प्याराग्लाईडिङ सिक्ने क्रममा भएको दुर्घटनामा परी एक जना घाईते भएकी छन् ।

भीरकोट ८ स्वरेक मैदानकी १९ वर्षिया लक्ष्मी अर्याल प्याराग्लाईडिङ सिक्ने क्रममा लडेर घाईते भएकी हुन् । घाईते अर्याललाई उद्धार गरी हेलिकप्टर मार्फत पोखरास्थित मेट्रोसिटी अस्पताल पोखरा पठाईएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रवक्ता प्रहरी नायव उपरिक्षक रबिन्द्र खनालले जानकारी दिए ।



घाईते अर्यालको टाउको र खुट्टामा चोट लागेको प्रहरीको भनाई छ । हालसम्म उनी खतरामुक्त रहेको बताईएको छ ।

## महिला विरुद्धको हिंसा

- महिला विरुद्धको हिंसा भनेको महिला विरुद्ध हुने शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै पनि किसिमको यातना, भेदभाव वा दुर्व्यवहार हो ।
- कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना दिने कार्य घरेलु हिंसा हो ।
- घरेलु हिंसा गर्ने व्यक्तिलाई ३ हजारदेखि २५ हजार रुपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन्छ । पुनः सोही कसुर गर्नेलाई पटकैपिच्छे दोब्बर सजाय हुन्छ । तसर्थ घरेलु हिंसा हुने कुनैपनि काम नगरौँ/नगराऔँ । सभ्य समाजको निर्माणमा अग्रसर होऔँ ।

**प्रदेश सरकार**
**कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**
फोन : ०६१–४६७७३२/४६७७३३

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा–८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१–५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# हिमपातले यार्सागुम्बा सङ्कलन रोकियो

– नवीन लामिछाने
मनाङ, १३ जेठ (रासस)

औषधिजन्य जडीबुटी यार्सागुम्बा सङ्कलन रोकिएको छ । हिमाली जिल्ला मनाङमा हिमपात भएपछि यार्सागुम्बा सङ्कलनका लागि खर्कमा पुगेका सङ्कलक फर्किएका हुन् ।

हिमपातले गर्दा यार्सागुम्बा सङ्कलन गर्न सक्ने अवस्था नभएपछि बैँसी फर्किएको धादिङका मिलन तामाङले बताउनुभयो । "मनाङमा पानी परेपछि भ्राताङ लेकमा हिउँ पर्दा यार्सागुम्बा सङ्कलन गर्न नसकेर बैँसीतर्फ फर्किएका हौँ, ठेक्कामा काम गर्न यहाँ आएका हौँ", उहाँले भन्नुभयो । नार्फुको हुलाबाट लेकमा यार्सागुम्बा सङ्कलन गर्ने गरेको धादिङ रिहीका ४६ वर्षीय एक्का तामाङले बताउनुभयो । दैनिक नौ-दशवटा यार्सागुम्बा सङ्कलन गर्न सकिने उहाँले बताउनुभयो । "एक दिनको पैदलयात्रा गरी चैतदेखि यार्सागुम्बा सङ्कलनका लागि मनाङ आएका हौँ । लेकमा बसेको साढे एक महिना भयो । यार्सा ठेकेदारले लिने र चार जनाका लागि रु साढे चार लाख खर्च गरेको छ", उहाँले भन्नुभयो, "पिसको रु ४०० मा ठेकेदारले लिन्छन् । पूर्जी र रासनको खर्च पुग्ने गरी सङ्कलन गरेको छु । गत वर्ष भने घाटा भएको थियो ।" डेढ महिनामा २०० यार्सागुम्बा सङ्कलन गरेको उहाँ बताउनुहुन्छ । ठेकेदारले राम्रो प्रकारको यार्सागुम्बामात्रै खरिद गर्ने उहाँले बताउनुभयो । यार्सागुम्बा टिप्ने समयमा मात्रै मनाङ आउने गरेको तामाङले बताउनुभयो । रासन सकिएपछि लिन आएको र हिउँ परेपछि यार्सागुम्बा सङ्कलन गर्न सकस भएकाले बैँसी फर्किएको उहाँ बताउनुहुन्छ । आफैँले खाना बनाएर खाने र ओढारमा बसेर यार्सागुम्बा सङ्कलन गर्ने गरेको तामाङले बताउनुभयो । धादिङका १९ जनालाई यार्सागुम्बा सङ्कलन गर्नका लागि ठेकेदारले रु ४२ लाख पूर्जी काटेको सोही ठाउँका ३० वर्षीय एसु तामाङले बताउनुभयो । हालसम्म ५२० यार्सागुम्बा सङ्कलन गरेको उहाँले बताउनुभयो । ठेकेदारले यार्सागुम्बा सङ्कलकलाई प्रतिगोटा रु ४०० दिने गरेको एसुले बताउनुभयो । यार्सागुम्बा सङ्कलन गरी भएको आम्दानीले घरपरिवारको आवश्यकता पूर्ति गर्न उपयोग गर्ने उहाँहरू बताउनुहुन्छ । तान्जो खर्कमा हिउँ पर्नुका साथै खाद्यान्न सकिएपछि सामग्री लिन चामे झरेको सोही ठाउँका रोहित तामाङ बताउनुहुन्छ । "ठेकेदारले राम्रो खालको यार्सागुम्बालाई प्रतिगोटा रु ४०० दिन्छ । खर्कमा नै ठेकेदारले लैजाने र रकम लिन्छौँ", रोहितले भन्नुभयो । केही खर्कमा चैत पहिलो सातादेखि जेठको तेस्रो हप्तासम्म यार्सागुम्बा सङ्कलन गर्ने समय हो भने केही स्थानमा असारको पहिलो हप्तासम्म यार्सागुम्बा सङ्कलन गर्न सकिन्छ । यार्सागुम्बा पाउने समय अझै रहेकाले हिमपात र खाद्यान्न लिएर पुनः खर्कतर्फ जाने उनीहरू बताउँछन् । विशेषगरी यस मौसममा औषधिजन्य जडीबुटी सङ्कलन गरी घरमा ल्याएर सुरक्षित गर्ने समयका रूपमा लिइन्छ । औषधिजन्य जडीबुटी सङ्कलनका लागि अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालय मनाङको गत चैत २३ गते बसेको बैठकले यार्सागुम्बा सङ्कलन गर्न इजाजत प्राप्त भएपछि समितिमार्फत पूर्जी दिने निर्णय भएको थियो ।

बैठकको निर्णयबमोजिम नै यार्सागुम्बा सङ्कलन गर्न पाउने भएपछि मनाङवासीलाई चटारो छ । जडीबुटी सङ्कलन मनाङवासीको मुख्य आयस्रोत मानिन्छ । यार्सा सङ्कलनका लागि जिल्लावासीमात्रै नभएर बाहिरी जिल्लाबाट पनि आउने गर्दछन् । नाम्केखर्कबाट सुरु हुन्छ भने नारफु र माथिल्लो मनाङको खाङ्सार खर्कमा यार्सा सङ्कलन कार्य सकिने अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालय मनाङका प्रमुख लेखनाथ गौतमले जानकारी दिनुभयो । उहाँका अनुसारको पहिलो हप्तासम्म औषधिजन्य जडीबुटी सङ्कलन गर्न सकिने समय हो । वैशाख १५ देखि असारको पहिलो सातासम्म औषधिजन्य जडीबुटी सङ्कलन गरी बैँसीतर्फ यार्सागुम्बा सङ्कलक फर्किने छन् । मनाङवासीले यहाँको नागरिकता वा बसाइँसराइ भएमा बसाइँसराइको प्रमाणपत्र समितिमा संलग्न राखी यार्सा सङ्कलन पूर्जी दिनेछ । संस्थामार्फत यार्सा सङ्कलन गरिँदै छ भने आर्थिक वर्ष २०७७/७८ का लागि दिइएको सङ्कलन पूर्जी उपलब्ध गराउने उहाँले बताउनुभयो । यार्सा सङ्कलन अवधिभर नेपाल प्रहरीद्वारा आवश्यकतानुसार नार, फुलगायतका अन्य स्थानमा सुरक्षा प्रबन्ध मिलाउने र अन्य सुरक्षा निकायले सहयोग गर्ने उहाँले बताउनुभयो । यार्सागुम्बा सङ्कलन गरेको परिचयपत्र सम्बन्धित संरक्षण क्षेत्र, सम्बन्धित संरक्षण क्षेत्र व्यवस्थापन समितिको सिफारिस तथा दस्तुर तिरेको रसिद र सम्बन्धित गाउँपालिकाको दस्तुर तिरेको रसिद लिएर आएमा मात्र छोडपूर्जी दिन अनुरोध गरिएको गौतमले बताउनुभयो । उहाँका अनुसार यार्सागुम्बा पाइने क्षेत्रमा सङ्कलन गर्न जाने सङ्कलकले १० वटा यार्सागुम्बामा एकवटा यार्सागुम्बा छोड्नुपर्ने प्रावधान निर्धारण गरिएको छ ।

मनाङ बाहिरका यार्सागुम्बा तथा अन्य जडीबुटी सङ्कलक र खरिद गर्न आउने व्यक्तिले अनिवार्यरूपमा कोभिड-१९ विरुद्धको खोप लगाएको परिचयपत्र (मोबाइलमा भए पनि खोपकार्ड) लिएर आउनुपर्ने र प्रहरी कर्मचारीले माग गरेको अवस्थामा देखाउनुपर्नेछ । यार्सागुम्बा तथा अन्य जडीबुटी सङ्कलक तथा खरिदकर्ताले आवश्यक स्वास्थ्यका मापदण्ड अपनाउन अनुरोध गरिएको छ ।गत दुई वर्ष यार्सागुम्बा तथा अन्य जडीबुटी सङ्कलन र खरिद बिक्री गर्न नसक्दा जिल्लाको राजस्व पनि घटेको थियो । यस वर्ष जडीबुटी सङ्कलन भएकाले राजस्व वृद्धि हुने अपेक्षा गरिएको छ । विगतमा जेठ अन्तिम सातासम्म यार्सागुम्बा सङ्कलन गर्ने समय तोकिएको भए पनि यस वर्ष निर्वाचनका लागि केही समय रोक लगाइएको हुँदा असारको पहिलो हप्तासम्म सङ्कलन गर्न दिने निर्णय भएको छ ।

# बेनी-जोमसोम सडक : कैकुखोला-खन्ती खण्ड कालोपत्र

पोखरापत्र संवाददाता
बेनी, १३ जेठ

उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडकको कैकुखोला-खन्ती खण्ड कालोपत्र भएको छ ।

मुस्ताङको थासाङ गाउँपालिका-५ कैकुखोलाबाट गाउँपालिकाको केन्द्र खन्ती जोड्ने सडक कालोपत्रको काम सकिएको हो । एक सय ८६ किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत कैकुखोला-खन्ती खण्डमा पहिलोपटक कालोपत्र भएको हो । बेनी-जोमसोम-कोरला सडक आयोजनाको तेस्रो प्याकेजको ठेकेदार कम्पनी शर्मा-गजुर मुखीका आयोजना व्यवस्थापक नरेन्द्र न्यौपानेले कैकुखोला-खन्ती खण्डको १६ किलोमिटर ५०० मिटरमध्ये १६ किलोमिटर दूरीमा आक्सपाल्ट प्रविधिको कालोपत्र गरिएको जानकारी दिनुभयो । "तेस्रो प्याकेजको कालोपत्र गर्न अब ५०० मिटर मात्र छ", उहाँले भन्नुभयो, "शर्मा-गजुरमुखीले नै ठेक्का लिएको दोस्रो प्याकेजको भुरुङ्गतातोपानी-घाँसा खण्डअन्तर्गत पर्ने काभ्रे, घोप्टेभिर खण्डमा विस्फोटक पदार्थको सहायताले सडक विस्तार अन्तिम चरणमा पुगेको छ ।" एघार मिटर फराकिलो बनाइएको सडकमा नाली, ग्याबियन पर्खाल निर्माण र ग्राभेलपछि सातदेखि आठ मिटरको चौडाइका दरले कालोपत्र गरिएको हो । उकालो सडकमा ढलान गरिएको छ । भिरको जोखिमयुक्त सडकको डिलतर्फ साइडबार राख्ने काम भइरहेको छ । सडक कालोपत्र भएपछि यात्राअवधि छोटिएको र आवतजावत सहज भएको छ ।

करिब डेढ घण्टा लाग्ने गरेकामा हाल ३० मिनेटमा पार गर्न सकिन्छ । सडक कालोपत्र भएपछि एक घण्टा यात्राअवधि छोटिएको छ । मुस्ताङका स्थानीय बासिन्दाका साथै पर्यटक र तिर्थयात्रीलाई सहज भएको छ । बेनी-जोमसोम सडकको पहिलो प्याकेजअन्तर्गत म्याग्दीको राहुघाटबाट बेगखोलासम्मको छ किलोमिटर सडकमा डिबिएसडी प्रविधिको कालोपत्र अन्तिम चरणमा पुगेको छ । गलेश्वरमा एक किलोमिटर र बेगखोलाबाट भुरुङ्ग-तातोपानी खण्डको सडकको अधिकांश ठाउँमा विस्तार सकेर कालोपत्रको तयारी गरिएको छ । विसं २०७४ मा सुरु भएको चीनको स्वशासित क्षेत्र कोरला नाका जोड्ने २०० किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडक आयोजनाको १२ वटा खण्डमा निर्माण भइरहेको छ ।

हालसम्म मुस्ताङको छवटा खण्ड निर्माण सकिएको आयोजनाको भौतिक प्रगति ७० प्रतिशतभन्दा बढी छ ।

एक सय १० किलोमिटर दूरीको जोमसोम-कोरला खण्डको सातमध्ये छवटा खण्डको सडक ग्राभेल गरेर ठेकेदारले हस्तान्तरण गरिसकेका योजना प्रमुख जगत् प्रजापतिले बताउनुभयो । आठवटा मोटर चल्ने पुल निर्माण सकिएका छन् । थप एकवटा निर्माणको अन्तिम चरण र १२ वटा निर्माणाधीन रहेका छन् । थप पाँच ठाउँमा पुल निर्माणको प्रस्ताव गरिएको आयोजना प्रमुख प्रजापतिले बताउनुभयो ।

सो सडकलाई गण्डकी प्रदेशको 'भाग्यरेखा' मानिएको छ । सडकले पूर्वाधार, आर्थिक, व्यापारिक, जलविद्युत्, पर्यटन र धार्मिकस्थलको विकासका लागि महत्वपूर्ण योगदान पुग्ने मुस्ताङबाट सांसद प्रेमप्रसाद तुलाचनले बताउनुभयो

# ट्र्याक खुलेको १४ वर्ष बित्दा पनि सडक सुधार गरिएन

पोखरापत्र संवाददाता
म्याग्दी, १३ जेठ

म्याग्दीको बेनी नगरपालिकाको प्रवेशद्वारदेखि भकुण्डेचौरस्थित वडा नं २ कार्यालयसम्म जोड्ने मोटरबाटोको ट्र्याक खुलेको १४ वर्ष भयो । विसं २०६५ मा ट्र्याक खुलेको सात किलोमिटर दूरीको यो सडक स्तरोन्नति नहुँदा यातायातका साधन सञ्चालन हुन सकेका छैनन् ।

पर्यटकीयस्थल लभ्लीहिल कटेर खबराको उकालो सुरु भएपछि ग्रेड नमिलेको हिलाम्ये सडकमा मोटरसाइकलसमेत चलाउन मुस्किल भएको स्थानीयवासीको गुनासो छ । ट्र्याक खुलेको १४ वर्ष वितिसक्दा पनि यो सडकमा न यातायातका साधन नै सञ्चालन भएका छन् न त सडकको स्तरोन्नतिमा नै कसैले चासो नै दिएको छ ।सडक मर्मतका लागि अहिलेसम्म करिब एक करोड खर्च भइसके पनि सडकको अवस्था भने झन खराब हुँदै गइरहेको छ । बेनी-भकुण्डे सडकको ट्र्याक खुलेदेखि अहिलेसम्म ट्र्याक्टर र मोटरसाइकलबाहेक ठूला सवारी साधन सञ्चालन हुन सकेका छैनन् । स-साना सवारीसाधन पनि पानी नपर्दा र हिउँदका महिनामा मात्रै सञ्चालन हुने गरेको ज्यामरुककोटका यामबहादुर थापाले बताउनुभयो ।

"साना सवारी साधन वर्षका चार महिनामात्र मुस्किलले सञ्चालन हुन्छन्, न यो सडकबाट कुनै बस गुडेको छ, न त मालबाहक ठूलो ट्रक" उहाँले भन्नुभयो, "मर्मत र स्तरोन्नतिका लागि एक करोडको हाराहारीमा नगरपालिका र प्रदेश सरकारले खर्च गरेको यो सडकमा अलिअलि पानी पर्दा मोटरसाइकलसमेत गुडाउन सकिँदैन ।" उक्त सडकखण्डको रोहोटे, कन्थराजथान क्षेत्र र सल्लेरीको तल्लो क्षेत्रमा पटक-पटक सडक मर्मतका लागि ठूलो रकम खर्च गरिए पनि उपभोक्ता समितिले सडकमा नाली निर्माण नगरी सामान्यरूपमा डोजर मात्र घुमाएर बजेट सक्ने प्रवृत्तिले गर्दा यातायातका साधन सञ्चालन हुन नसकेको स्थानीयवासीको भनाइ छ । उक्त बाटोको स्तरोन्नतिका लागि स्थानीय जनप्रतिनिधि र सरोकारवाला निकायले ध्यान नदिएको गुनासोका सम्बन्धमा वडा नं २ का पूर्वअध्यक्ष हीराबहादुर थापाले कमजोर भू-बनोट, धेरै घुम्ती र वन क्षेत्र रहेकाले उक्त मोटरबाटो जति मर्मत गरे पनि सुधार हुन नसकेको बताउनुभयो ।

सडक स्तरोन्नतिका लागि ठूलै बजेट आवश्यक पर्ने देखिएको र नगरपालिकाबाट मात्रै सम्भव नभएकाले प्रदेश सरकारबाट बजेट माग गरी सडकलाई व्यवस्थित बनाउने प्रयास थालिने सोही वडाका नवनिर्वाचित वडाध्यक्ष यामबहादुर कार्कीले जानकारी दिनुभयो ।

# एशियन फोरमद्धारा एक हजार छात्रालाई पुन:प्रयोग गर्न सकिने सेनीटरी प्याड वितरण

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ




दक्षिण कोरिया स्थित हाना नानुम फाउण्डेसन र वी फ्रेन्ड्सको आर्थिक सहयोग र एशिया मानव अधिकार तथा साँस्कृतिक विकास मञ्च (एशियन फोरम) को व्यवस्थापनमा कास्की र स्याङ्जाका एक हजार छात्राहरुलाई पुनः प्रयोग गर्न मिल्ने सेनीटरी प्याड वितरण गरेको छ ।

हेल्थ सपोर्ट एण्ड प्रोमोसन प्रोग्राम अन्तर्गत कास्कीका कालिका मावि, नवप्रभात मावि र स्याङ्जा फेदीखोला-३, आरुखर्कको जनआदर्श मावि गरी ३ विद्यालयका कक्षा ७ देखी ११ सम्म अध्ययनरत एक हजार भन्दा वढि छात्राहरुलाई सेनीटरी प्याड तथा माक्स वितरण गरिएको थियो ।

प्याड वितरणसंगै उनिहरुलाइ पृथ्वीनारायण क्याम्पसका सहप्राध्यापक शुशिल शर्मा भट्टराईले किशोरावस्तामा छात्राहरुको स्वास्थ्य समस्या र समाधानका विषयमा सचेतना तालिमको सहजीकरण गरेका थिए । साथै उक्त विद्यालयहरु सहित सहारा वाल आवि पोखरा ९, भगवती आवि पोखरा २२ गरी ५ विद्यालयमा अध्ययनरत गरिव तथा जेहेन्दार केही विद्यार्थीहरुलाई नगद छात्रवृत्ती प्रदान गरिएको एशियन फोरमको व्यवस्थापनमा गरिएको फोरमका लेखा तथा प्रसाशन प्रमुख एकलाल न्यौपानेले बताए ।

तिन दिनसम्म हरेक विद्यालयमा गइ संचालन गरिएको सो कार्यक्रममा एशियन फोरमका निवर्तमान केन्द्रिय अध्यक्ष निरज थापा, केन्द्रिय उपाध्यक्ष मेनका पौडेल, सदस्य जुम गुरुङ, मिरा पौडेल, गिता लामिछाने, गण्डकी प्रदेश अध्यक्ष लक्ष्मण वानिया, सचिव कृष्ण रानाभाट, कोषाध्यक्ष उमाकान्त पराजुली, जिल्ला अध्यक्ष तीलक थापा, कोषाध्यक्ष पार्वती पौडेल, सदस्य किरण गुरुङले सहजीकरण गरेका थिए । कार्यक्रममा सम्वन्धित वडाका जनप्रतिनिधिहरु, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि तथा प्रधानाध्यापकहरुको सहभागिता रहेको थियो ।

# शान्ति स्थापनाका लागि दिवङ्गत भएका तीन नेपालीलाई राष्ट्रसङ्घीय अवार्ड

रासस
काठमाडौं, १३ जेठ

संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय शान्ति स्थापनार्थ पुऱ्याएको योगदानलाई कदर गर्दै मृत्युपर्यन्त नेपाली शान्ति मिसनका तीन जनालाई 'ड्याग हयामर्सोल्ड' स्मृति अवार्डले सम्मान गरेको छ । उक्त अवार्ड राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुर्टोसले बिहीबार राष्ट्रसङ्घको मुख्यालय न्यूयोर्कमा आयोजित कार्यक्रममा राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि अमृत राईलाई हस्तान्तरण गर्नुभयो । 'पिस किपर्स डे'का अवसरमा बिहीबार राष्ट्रसङ्घको मुख्यालयमा आयोजित कार्यक्रममा शान्ति स्थापनार्थ गत वर्ष विभिन्न मितिमा वीरगति प्राप्त गर्नुभएका नेपाल प्रहरीका उमेशकुमार मेहत्तर (सुडानमा), सैनिक पिताम्बर थापा (युनिफिल लेवनानमा) र सैनिक दीपेन्द्र बस्ती (साउथ सुडानमा) लाई उक्त अवार्ड प्रदान गरिएको थियो । कार्यक्रममा सहभागी राष्ट्रसङ्घका लागि नेपाली स्थायी नियोगका सैनिक सल्लाहकार जगदीश खड्काले राससलाई दिनुभएको जानकारीअनुसार हालसम्म नेपालका ८२ शान्ति सेनाले सहादत प्राप्त गरिसकेका छन् । उहाँकाअनुसार हाल विभिन्न देशमा पाँच हजार ८०४ नेपाली राष्ट्रसङ्घको शान्ति मिशनमा कार्यरत छन् ।

राष्ट्रसङ्घको सन् २००२ को साधारणसभाले मे २९ लाई राष्ट्रसङ्घीय शान्ति स्थापना अन्तर्राष्ट्रिय दिवसका रुपमा मनाउने विषयलाई अनुमोदन गरेको थियो । विश्वभर शान्ति स्थापनाका लागि जीवनउत्सर्ग गर्ने महानुभावको योगदानको स्मृतिमा अन्तर्राष्ट्रिय दिवस मनाइन्छ । राष्ट्रसङ्घको निलो झण्डा मुनि आबद्ध भएर शान्ति स्थापनार्थ द्वन्द्वग्रस्त क्षेत्रका नागरिकको सुरक्षार्थ सन् १९४८ देखि खटिएका चार हजार शान्ति सेनाले आफ्नो ज्यान गुमाएका छन् ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : मानसिक तनाब |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बड्ने |
| कन्या | : मन चञ्चल | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# पुतलीबजार र गल्याङमा वृद्ध भत्ता घर-घरमै

पोखरापत्र संवाददाता
वालिङ, १३ जेठ

स्याङ्जाको गल्याङ नगरपालिकाले वृद्ध भत्ता अब घर-घरमै पुगेर वितरण गर्ने भएको छ । पालिकाका विभिन्न वडामा रहेका वृद्धवृद्धाहरुलाई गल्याङ बजारसम्म आउनुपर्दा समस्या हुने र लाइन बस्नुपर्दा सास्ती भएको भन्दै घर घरमै पुगेर वितरण गर्ने निर्णय गरेको हो ।

नगरस्थित बैंक तथा वित्तीय संस्थाहरुको संयुक्त बैठकले नगरपालिकाका कर्मचारी र बैंकका कर्मचारीको संयुक्त पहलमा घर-घरमै पुगेर वितरण गर्ने तयारी गरिएको नगरप्रमुख गुरुप्रसाद भट्टराईले बताउनुभयो । 'वृद्ध भत्ता बुझ्न गाउँगाउँबाट बजारमा रहेका बैंकमा आउँदा वृद्धवृद्धालाई झनै सास्ती भएको गुनासो आउने थालेपछि बैंकका कर्मचारी र नगरपालिकाका कर्मचारीहरुनै घर-घरमा पुगेर वितरण गर्ने तयारी गरेका हाँ', उहाँले भन्नुभयो । नेपाली कांग्रेसबाट विजयी हुनुभएका प्रमुख भट्टराईले आफ्नो चुनावी घोषणापत्रमा घर-घरमै वृद्धभत्ता दिने उल्लेख गर्नुभएको थियो । घोषणापत्रमा उल्लेख गरे बमोजिम नै बैंक तथा वित्तीय संस्थाहरुको समन्वय र सहकार्यमा कार्यान्वयनमा अगाडि बढेको उहाँले बताउनुभयो । त्यस्तै पुतलीबजार नगरपालिकाले पनि वृद्धवृद्धालाई बैंकसम्म आएर वृद्ध भत्ता बुझ्नुपर्दा समस्या भएको भन्दै घरमै पुगेर वितरण गर्ने तयारी थालेको छ ।

ग्रामीण भेगदेखि बजारमा रहेको बैंकसम्म आउँदा जाँदा सवारीसाधनको समस्या र बैंकमा आएर लामो समय लाइनमा बस्नुपर्ने अवस्थाको अन्त्यका लागि घरमै पुगेर वितरण गर्ने तयारी गरेको नगरप्रमुख तुल्सीराम रेग्मीले बताउनुभयो ।

# निजी विद्यालयलाई बढी कर नलगाउन आग्रह

रासस
काठमाडौं, १३ जेठ

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएशन (नेशनल प्याब्सन)ले निजी विद्यालयलाई भौगोलिक क्षेत्रहरुका आधारमा बढीमा १५ प्रतिशतभन्दा बढी कर नलगाउन अर्थमन्त्रालयसँग आग्रह गरेको छ । सो सङ्गठनले शुक्रबार पत्रकार सम्मेलन गरी गाउँपालिकाका निजी विद्यालयमा अधिकतमम पाँच प्रतिशत, नगरपालिकामा १० प्रतिशत, महानगर र उपनगरपालिकामा १५ प्रतिशत कर लगाउन आग्रह गरेको हो । हाल २५ प्रतिशत कर लगाइने गरिएको छ । पत्रकार सम्मेलनमा एनप्याब्सनका अध्यक्ष पाण्डव हमालले आर्थिक स्थितिका कारण निजी विद्यालय अप्ठ्यारोमा परेकाले विशेष संरक्षण र छुट दिन सरकारसँग माग गरिएको बताउनुभयो ।

# नगरको सुरक्षामा सिसि क्यामरा

प्रकाश डोटेल
स्याङ्जा, १३ जेठ

नगरको सुरक्षा बढाउन र सुरक्षित नगर बनाउन सिसि क्यामरा जडान गरिएको छ।

स्याङ्जाको वालिङ नगरपालिकाले नगरको सुरक्षा बढाउन र सुरक्षित नगर बनाउन बजार क्षेत्रका मुख्य चोकचोकमा सिसि क्यामरा जडान गरेको हो।

नगरपालिकाको आर्थिक सहयोग, स्थानीय कालिका नेटवर्क प्रालिको फाइबर तथा प्राविधिक सहयोग र वडा प्रहरी कार्यालय वालिङको समन्वयमा बजार क्षेत्रका मुख्य चोकचोकमा सिसि क्यामरा जडान गरिएको छ। सिसि क्यामरा जडान गर्न झण्डै ५ लाख खर्च गरिएको छ। नगरपालिकाको अगुवाईमा डिभाइस खरिद गरिएको हो भने कालिका नेटले फाइबरमार्फत सिसि क्यामरा जडान गरिएको नगरपालिकाका सूचना प्रविधि शाखा प्रमुख इञ्जिनियर प्रकाश अर्यालले बताए। उनका अनुसार नगरपालिकाका मुख्य



चोकचोक तथा सर्वसाधारणको बढी भीडभाड हुने स्थानलाई लक्षित गरी ११ वटा सिसि क्यामरा जडान गरिएको छ।

मुख्य गरी सिद्धार्थ राजमार्गका आसपासका चोक, भित्री बजार क्षेत्रका चोक गरी झण्डै ५ किलोमिटर क्षेत्र भकुण्डेबाट त्रियासीसम्मका चोक र प्रमुख क्षेत्रमा सिसि क्यामरा जडान गरिएको वडा प्रहरी कार्यालय वालिङका प्रमुख ढकेन्द्र खतिवडाले जानकारी दिए। "वालिङ बजारका प्रमुख क्षेत्रलाई समेट्ने गरी सिसि क्यामरा जडान गरेका छौं।" डिएसपी खतिवडाले भने, "सिसि क्यामरा जडानपछि प्रहरी कार्यालय मार्फत २४सै घण्टा निगरानी र निरीक्षण गर्न सहज भएको छ।" आपतकालिन घटना रोक्न सिसि क्यामराको सहायताले अनुसन्धान थाल्न र संलग्नको खोजी गर्न मद्दत पुग्ने विश्वास खतिवडाले जनाए।

बजार क्षेत्रमा घटेका घटनामा स्थानीय संघसंस्थाको तथा व्यक्तिले राखेका सिसी क्यामराको डाटा हेर्नुपर्ने प्रहरीको बाध्यता थियो।

चोकचोकमा सिसि क्यामरा जडानपछि कार्यालयबाटै निरीक्षण गर्न सहज भएको छ। दुर्घटनाहरुमा कमी आउने र घटना घटेमा तत्कालै दोषीलाई नियन्त्रणमा लिन सहज हुने प्रहरी कार्यालयले जनाएको छ।

सिसि क्यामेरा नहुँदा चोरीका घटना हुँदै आएका थिए भने आपराधिक क्रियाकलापमा संलग्नको खोजि तथा अनुसन्धानमा कठिनाइ हुँदै आएको थियो। पसलमा रातिको समयमा चोरी हुने र प्रहरी प्रशासनलाई अनुसन्धान गर्न निकै कठिनाइ भएको थियो। क्यामरा जडानसँगै शान्ति सुरक्षामा थप मद्दत पुग्ने बताइएको छ।

# घुम्ती गोठमा ६०० भेडा पाल्दै देवान

-ध्रुवसागर शर्मा
म्याग्दी, १३ जेठ (रासस)

रोजगारीका लागि सिङ्गापुर र मलेशियामा दुई दशक बिताएर स्वदेश फर्किनुभएका म्याग्दीका एक युवा आफ्ना बाबु-बाजेको पेसालाई निरन्तरता दिन परम्परागत घुम्ती गोठमा भेडापालन गरेर मनग्य आम्दानी गर्नाका बिदेशमा रोजगार खोज्न जानेहरुका सामु उदाहरणीय बनेका छ।

म्याग्दीको धवलागिरि गाउँपालिका-५ मल्काबाङका ४१ वर्षीय देवान छन्त्यालले आफ्ना पिता पुर्खाको पुर्ख्यौली पेसालाई नै निरन्तरता दिन धवलागिरि हिमालको काखमा ६०० बढी भेडापालन गर्दै आउनुभएको हो।

विगत पाँच वर्षदेखि धवलागिरि र रघुगङ्गा गाउँपालिकाका लेकाली क्षेत्रमा घुम्ती गोठ सञ्चालन गरी भेडापालन गर्दै आउनुभएका उहाँ यतिबेला ६०० बढी भेडाको बथान लिएर धवलागिरि गाउँपालिकाको मुदी, बगर, नाउरा, चेचुङ र खिबाङ हुँदै धवलागिरि हिमालको बेसक्याम्पतिर लाग्नुभएको छ। महयाले भन्ने ठाउँबाट रासससँग कुरा गर्दै छन्त्यालले भन्नुभयो, "यो मेरा पिता पुर्खाको थलो हो, यहाँ मेरा पूर्वजका पैतालाका डोब छन्। तिनै डोबलाई पछ्याउँदै मैले विदेशको चमकदमक र शहरको सुख सयललाई छोडेर भेडापालन रोजेको हुँ।" उहाँको परिवारको बसोबास पोखरामा रहे पनि वैदेशिक रोजगारी त्यागेर फर्किनुभएका छन्त्यालले आफ्ना पुर्खाले जीवन बिताएको जङ्गल र भिरपाखा नै रमाइलो लाग्ने र जीवनको अन्तिम समयसम्म पनि भेडापालन नै गर्ने बताउनुभयो। भेडाको बथान लिएर धवलागिरि गाउँपालिका-५ र रघुगङ्गा गाउँपालिका-८ को सीमा क्षेत्रमा पर्ने च्यामली (रुवाचौर) आधार शिविरमा जान लाग्नुभएका उहाँले व्यावसायिकरुपमा भेडापालन गर्ने कृषकको सङ्ख्या घट्दै गएकामा दुःख लागेको बताउनुभयो। "दुःख त हुन्छ तर, आफ्ना बाबु बाजेले गरेको काम गर्न सङ्कोच लाग्दैन", छन्त्यालले भन्नुभयो, "देशविदेश घुमियो, रमाइलो पनि गरियो तर आफ्नो जन्मभूमिमा आफ्नै पुर्खाले गरेको काम गर्दा पाइने आनन्द कतै पाउन सकिएन।" एक वर्षको अवधिमा १०० बढी भेडा बिक्री भएका र भेडा बिक्री गरेर रु २५ लाख भन्दाबढी आम्दानी भएको जानकारी उहाँले दिनुभयो। उच्च हिमाली क्षेत्रका विभिन्न लेक, खर्क र जङ्गलमा घुम्ती गोठमार्फत भेडापालन गर्नु चुनौतिपूर्ण काम भए पनि आम्दानी र आनन्द दुवै प्राप्त हुने भएकाले आफूले यो पेसालाई रोजेको छन्त्यालले बताउनुभयो।

बिहान उठेर भेडाको गणना गर्दै उहाँको दिन सुरु हुन्छ। त्यसपछि भेडाको दूध दुहुने, खाना पकाएर खाने र भेडाबाख्रा चराउन लैजाने छन्त्याल लेकको बुकी र पाखा पखेरामा भेडाबाख्रा चराइसकेपछि पुनःगोठमै फर्केर भेडाको स्याहारमै लाग्नुहुन्छ।

"जङ्गलको बास, फोन र इन्टरनेटको त परको कुरा रेडियोसमेत सुन्न सकिँदैन। वर्षा, हिमपात केही भन्न पाइँदैन। गोठालाको जीवन सजिलो त छैन तर स्वच्छ र प्राकृतिक वातावरणमा आफ्नै राजीखुसीको काम गर्न पाउँदा आनन्द लाग्छ", उहाँले भन्नुभयो। छन्त्यालले विदेशमा आर्जन गरेको रकम र ऋणसमेत गरेर पाँच वर्षअघि करिब रु ५० लाख लगानी गरेर भेडापालन सुरु गर्नुभएकामा घुम्ती गोठमा अहिले झण्डै ६०० भन्दाबढी भेडाबाख्रा छन्। आफूबाहेक दुई हेरालु राख्नुभएका उहाँले आफ्नो पुर्खाले अँगालेको तर पछिल्लो पुस्ताले बिर्सदै गएको भेडापालन पेशालाई अवसर र चुनौती दुवैरुपमा लिएको बताउनुभयो।

"हिजो हाम्रा पुर्खाले यहीँ पसिना बगाए, कतिको यस्तै गोठमै जीवन बित्यो तर आज यो पेशा नै सङ्कटमा पर्दै गएको छ, यसलाई नयाँ पुस्ताले नअगाल्ने हो भने हाम्रो भेडापालन पेशा नै हराएर जान्छ", छन्त्यालले भन्नुभयो। धवलागिरि गाउँपालिका क्षेत्रमा भेडापालनको प्रचुर सम्भावना रहेकाले आफूले पनि यस पेशालाई अगालेको उहाँले बताउनुभयो। पछिल्लो समय यस क्षेत्रमा रहेका परम्परागत गोठ विस्तारै घट्दै गएको, युवाको आकर्षण नबढेको र पुराना गोठ पनि बिक्री गर्ने प्रचलन बढेकाले भेडापालन व्यवसायलाई प्रवर्द्धन गर्नका लागि स्थानीय सरकार र सम्बद्ध निकायको ध्यान जान जरुरी रहेको छन्त्यालको भनाइ थियो।

यस क्षेत्रमा अहिले करिब आठ भेडीगोठ छन्। धवलागिरिको मल्कबाङ, मलम्पार, खिबाङ, मराङ र रघुगङ्गाको पात्लेखर्क, दुवाडी, रायखोर, पाखापानी, चिमखोलालगायत व्यक्तिको च्यामली चौर, आधार शिविर, ऋरु, चौरावन, नयाँवन, रिखार र ताङ्गे, भाङ्गे फाँटक्षेत्रमा भेडीगोठ छन्।

धवलागिरिको मुदी र गुर्जामासमेत व्यावसायिक भेडापालन हुँदै आएको छ। बेंसीदेखि धवलागिरिका आधार शिविरसम्म नै भेडीगोठ सारिरहने प्रचलन रहेको छ।

# कर्मफ्लाईट्सद्वारा गोरखा र बागलुङका ४ विद्यालयमा आधुनिक कम्प्युटर ल्याबको निर्माण

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ



प्रविधिमैत्री शिक्षा मार्फत शिक्षामा रुपान्तरण गर्दै आजको युवा सिकारुहरुलाई विश्व नागरिक बनाउन सहयोग गर्ने उद्देश्यले कर्मफ्लाईट्स फाउण्डेसन नेपाल, पोखरा कास्कीले यसको प्रविधि साझेदार एडटेक नेपालको सहकार्यमा गोरखा र बागलुङ जिल्लाका ४ वटा विद्यालयहरुमा आधुनिक कम्प्युटर ल्याब निर्माण गर्दै पदस्थापन तथा हस्तान्तरण गरेको छ।

यसै आ.व. २०७८/२०७९ मा सम्पन्न यस परियोजनाबाट ४ विद्यालयका करिब १३ सय भन्दा बढी विद्यार्थी तथा शिक्षकहरु प्रत्यक्ष लाभान्वित भएका छन्। गोरखा जिल्लाको अजिरकोट गाउँपालिका-४ बालुवा स्थित श्री बुद्ध मा.वि.मा कर्मफ्लाईट्स र एडुटेकको संयुक्त ८ लाख ५० हजार तथा अजिरकोट गा.पा.बाट थप ५ लाख म्याचिङ फण्डबाट निर्माण भएको चिटिक्क परेको कम्प्युटर कक्षमा सुविधा सम्पन्न फर्निचर, व्याट्रि व्याकअप, इन्भर्टर र २० वटा कम्प्युटर सहितको थिन्क लाईन सिस्टमबाट सञ्चालन हुने ल्याबको उद्घाटन यही जेठ २० गते वडा नं. ४ का नवनिर्वाचित वडाध्यक्ष जंगबहादुर गुरुङले गर्नुभएको प्र.अ. लालमाया गुरुङ तामाङले जानकारी दिनुभयो।

यसैगरी बागलुङ जिल्लाको निसीखोला गाउँपालिका वडा नं. ६ का २ वटा विद्यालयहरु क्रमशः श्री जनकल्याण मा.वि. र श्री तिलाचन मा.वि. निसी भल्कोटमा पनि गाउँपालिकाको रु. ८ लाख र कर्म फ्लाइटस तथा एडटेक नेपालको संयुक्त १७ लाखको थप आर्थिक सहकार्यमा तत्तत् विद्यालयहरुमा २०/२० वटा कम्प्युटर सहितको सुविधा सम्पन्न कम्प्युटर ल्याबको स्थापना गरिएको कर्मफ्लाईट्सको कार्यक्रम निर्देशक प्रेम बहादुर कुँवरले बताउनुभयो। गत ६ महिना देखिको ल्याबनिर्माणको प्रकृयामा लगातारको मेहनत, तालिम र कम्प्युटर कक्षा व्यवस्थापन पश्चात् अन्ततोगत्वा जेष्ठ ११ गतेका दिन निसीखोला गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष सूर्य बहादुर घर्ती मगर, उपाध्यक्ष प्रेम घर्ति मगर र वडा नं. ६ का वडाध्यक्ष श्री हेम बहादुर घर्ति मगरले संयुक्त रुपमादुवै विद्यालयको कम्प्युटर ल्याबउद्घाटन गरि विद्यालयलाई हस्तान्तरण गर्नुभयो। नवजननिर्वाचित प्रतिनिधिहरुलाई सम्मान गरिएको उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा बोल्दै गा.पा. अध्यक्ष घर्ति मगरले निसीखोला गा.पा. भित्र रहेको सबै मा.वि.हरुमा कर्म फ्लाईट्सले संयोजन गरी कम्प्युटर ल्याबबनाउन सहकार्य गरेकामा धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि आफ्नो नेतृत्वको टोलीले शिक्षा र स्वास्थ्यको क्षेत्रमा संस्थासंग सहकार्य तथा साझेदारी गरिने कुरा बताउनुभयो।

त्यस्तै, जिल्लाको बडीगाड गाउँपालिका वडा नं. ४ स्थित बुद्ध मा.वि. खालमा संस्थाहरुद्वारा निर्मित कम्प्युटर ल्याबको उद्घाटन बडीगाउ गा.पा.का नवनिर्वाचित अध्यक्ष ाश्री गण्डकी णथापा अधिकारीको बाहुलीबाट सम्पन्न भएको छ। जसमा पालिकाका जनप्रतिनिधिहरु, प्रमुख प्रशासकिय अधिकृत लगायत अभिभावक, शिक्षक तथा विद्यार्थीहरुको भव्य उपस्थिति सहितको समारोहको आयोजना गरिएको थियो। नेपाललाई माया गर्ने एडुटेक नेपालका संस्थापक न्यूजिल्याण्ड निवासी मनकारी दाता श्रीमान् /श्रीमती माइक र सियर्ली चिसमको व्यक्तिगत आर्थिक सहयोगमा कर्मफ्लाइट्स फाउण्डेशनको ५० प्रतिशत रकम म्याचिङ गरि विद्यालयहरुको समेत साझेदारीमा सहलगानी कोष निर्माण गरि यस प्रकारका कम्प्युटर ल्याबशहरु निर्माण गर्दै आइरहेको छ। यस क्षेत्रमा शिक्षाविद शिक्षाप्रेमी व्यक्तित्व धिर प्रताप सिंहको प्रेरणा र सम्पर्क शुत्रमा यस प्रकारका आधुनिक सूचनाप्रविधि कम्प्युटर ल्याबहरु निर्माण गरिएको र ल्याबनिर्माण पश्चात ल्याब सञ्चालन मर्मत सम्भार नेटवर्किङ सिस्टम तथा कम्प्युटरमा राखिएका शैक्षिक सामाग्रीहरुको प्रयोग कसरी गर्ने भन्ने बारेमा शिक्षकहरुलाई अभिमूखिकरण गरिएको एडुटेक नेपालका कार्यकारी निर्देशक आकाशकुमार दासले बताउनुभयो। कार्यक्रममा बोल्दै बडिगाड गा.पा. अध्यक्षश्री गण्डकी थापा अधिकारीले आफू शैक्षिक पृष्ठभूमिबाट आएको व्यक्तिभएकोले शिक्षालाई प्रविधिमैत्रीबनाई आमूल परिवर्तन गर्न र सम्बृद्ध बडीगाडको परिकल्पना साकार पार्न विद्यालयबाटै काम थालिने कुरा बताउदै यो शिक्षकहरुको मेहनत र सहयोग विना सम्भव नभएकोले शिक्षकहरुलाई आफ्नो पेशाप्रति गर्व र जिम्मेवारी बोध भएर उच्चमनोबलका साथ काम गर्न आव्हान गर्नुभयो।

ि व द्य ा ल य क ा वालवालिकाहरुको लागि उनीहरुको जीवनमै पहिलो पल्ट कम्प्युटर ल्याब खुल्ला गर्न पाउँदाको क्षणमा उनीहरुको अनुहारमा चम्किएको खुसी र मुस्कान बास्तवमै हेर्न लायकको देखिन्थ्यो। कम्प्युटर ल्याब स्थापना पश्चात पनि संस्थाहरुले वर्षको २ पटक विद्यालयको अनुगमन गर्ने, कलष्टर तालिम प्रदान गर्ने र विद्यार्थीको हितमा ल्याब चलाउन लगातार खबरदारी गर्न गाउँपालिका शिक्षाशाखाका संयोजनमा थप तालिमको कार्यक्रम गर्ने कार्य विधि रहेको बताईएको छ। स्मरणिय रहोस्, हालसम्म कर्म फ्लाईटसले एडुटेक नेपालको सहकार्यमा गोरखा र बागलुङका १४ वटा सामुदायिक विद्यालयहरुमा यस्ता ल्याबहरु निर्माणमा गरिसकेको छ।

# शुभकामना गोल्डकप असार ४ देखि

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ



पोखरा, कोरोना भाइरस र स्थानीय निर्वाचनका कारण रोकिएको छैटौं अन्तराष्ट्रिय शुभकामना कपको नयाँ मिति सार्वजानिक भएको छ।

कोरोना महामारीले ३ वर्ष थलिएपछि स्थगित भएको प्रतियोगितालाई स्थानीय निर्वाचनले समेत प्रभाव पारेको थियो।

पोखरा महानगरपालिका २५ स्थित हेम्जा युनाइटेड क्लबको आयोजनामा हुँदै आएको प्रतियोगिताको पाँचौ संस्करणसम्म निरन्त संचालन भएपनि छैटौं संस्करणमा आइपुग्दा भने स्थगित हुन पुगेको थियो। क्लबले प्रतियोगितालाई निरन्तरता दिदैं आगामी असार ४ गतेदेखी प्रतियोगिता गर्ने भएको छ। 'युवा एकता र विकासका लागि खेलकुद' भन्ने मुल उदेश्यका साथ गौरीशंकर खेल मैदानमा प्रतियोगिता आयोजना हुने भएको क्लबका अध्यक्ष इन्द्र बहादुर कुवरँले जानकारी दिए। 'प्रतियोगिता असार ४ गतेदेखी ११ गतेसम्म गौरी शंकर खेलमैदानमा हुँदैछ' उनले भने,'खेलकुदको माध्यमबाट युवाहरुलाई एकता भाइचारा सम्बन्ध बढाउँदै सृर्जनात्मक तथा रचनात्मक काममा अगाडी बढाउने र एकेडेमी संचालन गर्नका लागि प्रतियोगिताको आयोजना गरिएको हो।'प्रतियोगिताले स्थानीय स्तरमा नयाँ खेलाडी उत्पादन गर्ने देखि मैदानको स्तरोन्नती सम्मका काम हुनेमा विश्वास रहेको सुनाए। ८ दिनसम्म संचालन हुने प्रतियोगिताको विजेताले ६ लाख रुपैयाँको साथमा ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले ३ लाख रपैयाँको साथमा ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गर्ने प्रतियोगिता संयोजक इन्द्र प्रसाद त्रिपाठीले जानकारी दिए। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ५० हजार रुपैयाँ प्राप्त गर्नेछ। यस्तै प्रतियोगिताको उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फरवार्ड र उत्कृष्ट प्रशिक्षकले समान २०-२० हजार रुपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगिताको सर्वाधिक गोलकर्ताले २५ हजार तथा अनुसासित टिमले २५ हजार रुपैयाँ प्राप्त गर्ने संयोजक त्रिपाठीले जानकारी दिए। प्रतियोगिताबाट ६३ लाख ५० हजार आम्दानी तथा ६१ लाख ६८ हजार पाँच सय रुपैयाँ खर्च हुने अनुमान रहेको अर्थ संकलन उपसमिति संयोजक जगत थापाले जानकारी दिए। क्लबको भावि योजना अन्तरगत शुभकामना गोल्डकपलाई निरन्तरता दिने, खेलमैदानमा प्यारापिट निमार्णमा पहल, विभिन्न खेलकुदलाई विद्यालयमा जोड्न समन्वयकारी भुमिका खेल्ने रहेको छ। प्रतियोगितामा ए डिभिजन र आयोजक सहित ८ टिमको सहभागिता रहने छ। हेम्जा युनाइटेड पोखरामा सम्पन्न कास्की जिल्ला क्लब स्तरीय लिग विजेता समेत हो।

# बी-१३ माथि मसिना एफसीको कठिन जित

पोखरापत्र संवाददाता
पोखरा, १३ जेठ



बी-१३ लाई पराजित गर्दै मसिना फुटबल क्लब जनएकता क्लब पोखरा-१४ ले आयोजना गरेको प्रथम सेभेन ए साईड फुटबल प्रतियोगिताको सेमिफाईनल प्रवेश गरेको छ।

रामेश्वरी माविको खेल मैदानमा आयोजित प्रतियोगिताको पहिलो क्वाटरफाईनल खेलमा मसिनाले बी-१३ लाई १-० को कठिन जित निकाल्दै अन्तिम चारमा प्रवेश गर्‍यो। जितका लागि विश्व थापाले निर्णायक गोल गरे। खेलमा मसिनाका गोलकिपर सुनिल घोताने म्यान अफ दि म्याच घोषित भए। भीमकाली एफसीलाई पेनाल्टी सुटआउटमा ३-२ ले पराजित गर्दै विजयपुर युनाईटेड अन्तिम चारमा प्रवेश गरेको छ। निर्धारित समयमा दुवैको तर्फबाट १-१ गोल भएपछि निर्णय पेनाल्टी सुटआउटमा पुगेको थियो। निर्धारित समयमा भीमकालीका लागि राम शाहीले गोल गरे। विजयपुर युनाईटेडका लागि अजित गुरुङले गोल गरेका थिए।

निर्धारित समयमा बराबरी गोलपछि पेनाल्टी सुटआउटमा विजयपुर युनाईटेडले जित निकाल्दै अन्तिम चारमा पुग्यो। उनै राम शाहीको पेनाल्टी चुक्दा भीमकाली प्रतियोगिताबाट बाहिरिन पुग्यो। भीमकालीका लागि अन्जन देवकोटा र सुमित श्रेष्ठले गोल गरेका थिए। विजयपुरका लागि अजित गुरुङ, अनन्त गुरुङ र जय गुरुङ म्यान अफ दि म्याचबाट विजयपुरका गोलकिपर आकाश रानाभाट चुनिए। त्यसैगरी तेस्रो क्वार्टरफाईनल खेलमा रत्नचोकले आर्दश युवा क्लब भण्डारढीकलाई पेनाल्टी सुटआउटमै पराजित गर्‍यो। रत्नचोकले आर्दशलाई ४-३ गोलले पराजित गर्दै अन्तिम चारमा प्रवेश गरेको हो। आर्दशका लागि विशन गुरुङ, विमल राना र अर्जुन गुरुङको प्रहारले सही दिशा लिदाँ सुदीप रानाको प्रहार खेर गएको थियो। रत्नचोकका लागि कृष्ण रानाभाट, सकुल गुरुङ, सोनु गुरुङ र योगेश गुरुङले पेनाल्टी चुकाएनन्। खेलमा योगेश म्यान अफ दि म्याच घोषित भए।

अन्तिम क्वाटरफाईनल खेलमा एम-१२ ले भीमाद युथ क्लबलाई पेनाल्टी सुटआउटमा २-१ गोलले पराजित गर्दै अन्तिम चारमा प्रवेश गरेको छ। भीमादको लागि अभिषेक राईले गोल गर्दा एम-१२ को लागि अविनाष तामाङले गोल गरेका थिए।

बराबरीसँगै पेनाल्टी सुटआउटमा भीमादका युकेश गुरुङले गोल गरे। लोकेश थापा र विनोद घिमिरेको प्रहार खेर गएको थियो। एम १२ को लागि मीन गुरुङ र समिर प्रधानले गोल गरे भने सरोज तितुङको प्रहार खेर गएको थियो। खेलमा रोमन थापा म्यान अफ दि म्याच घोषित भए।